नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं

प्रतिस्पर्धाबाट शिकार गराउनको लागि दरभाउपत्र आह्वानको ७ (सात) दिने सूचना
(प्रकाशित मिति २०८३/०७/१३)

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम १० र ११ बमोजिम अनुज्ञापत्र प्राप्त गरी ढोरपाटन शिकार आरक्षको तोकिएको ब्लकमा आ.व. २०८३/८४ को पहिलो सिजनमा नाउर, झारल र बनेलको तोकिएको कोटामा नेपाली र विदेशी नागरिकलाई प्रतिस्पर्धाबाट शिकार गराउने प्रयोजनार्थ मिति २०८३/०७/०९ को विभागीय निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

१. ढोरपाटन शिकार आरक्षमा शिकारमा भाग लिन चाहने इच्छुक नेपाली र विदेशी नागरिकहरुले प्रतिस्पर्धामा भाग लिन प्रचलित कानून बमोजिमको फर्म / कम्पनी मार्फत विभागको आर्थिक प्रशासन शाखाबाट २०८३ कार्तिक १९ गतेसम्म कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र खरिद गरी २०८३ कार्तिक २० गते दिउँसो १२:०० बजेसम्म विभागमा पेश गरिसक्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन दिउँसो १२:०० बजेसम्म विभागमा सिलबन्दी दरभाउपत्र पेश गरिसक्नु पर्नेछ। पेश हुन आएका सिलबन्दी दरभाउपत्र २०८३ कार्तिक २० गते दिउँसो २:०० बजे विभागमा खोलिने छ ।

२. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा निवेदन साथ निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

- कम्पनी दर्ता प्रमाणपत्र र सो को नविकरणको समेतको प्रतिलिपि,
- स्थायी लेखा नं. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ,
- राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३१२०८३५०१ मा नगद रु. ६५,०००।- (पैसट्ठी हजार) जम्मा गरेको सक्कलै भौचर ,
- प्रचलित कानून बमोजिमको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- पेशेवर शिकारी अनुज्ञापत्रको प्रतिलिपि ।

नोटः- ढोरपाटन शिकार आरक्षमा यस अघि कम्तीमा ३ (तिन) सिजन शिकारमा भाग लिई सकेका शिकारीहरुको हकमा पेशेवर शिकारी अनुज्ञापत्र अनिवार्य हुने छैन ।

३. शिकार गर्ने गराउने सिलबन्दी दरभाउपत्रदाताले नाऊर, झारल र बनेलको लागि सिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

४. तोकिएको ब्लकमा निर्धारण गरिएको कोटा मध्ये सबैभन्दा बढी कबोल गरिएको रकम नै सो ब्लकको सोही प्रजातिको अन्य कोटामा कायम हुनेछ ।

५ तोकिएको आधार मूल्य भन्दा न्यून रकमको दरभाउ उल्लेख गर्ने फर्म/कम्पनी को दरभाउपत्र स्वतः खारेज हुनेछ र प्रतिस्पर्धामा समावेश गराइने छैन ।

६. सिलबन्दी दरभाउपत्रमा कबोल गरेको रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा कबोल गरेको रकम अन्यथा भएमा अक्षरमा उल्लेख गरेकोलाई मान्यता दिइनेछ ।

७. सिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि निवेदनसाथ राजस्व रकम रु.१,०००।- (एक हजार) राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१२०८३५०१ र खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

८. शिकारमा प्रतिस्पर्धाबाट छनौट हुने फर्म/कम्पनीले वन्यजन्तु शिकारको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली,-२०३० बमोजिम सामान्य शिकार अनुज्ञापत्र, शिकार ब्लक सुरक्षण तथा अन्य दस्तुर बुझाउनु पर्नेछ ।

९. शिकार व्यवस्थापन गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा सुरक्षित रहनेछ ।

१०. सिलबन्दी दरभाउ पत्रको मुल्याङ्कनबाट शिकार गर्न गराउन छनौट भई यस सिजनको शिकार सम्बन्धमा कबोल गरेको राजश्व बुझाई सकेपछि शिकार नगरेको अवस्थामा सो राजश्व रकम फिर्ता हुने छैन तथा अन्य कुनै प्रकारले दावी गर्न पाइने छैन ।

११. शिकार व्यवस्थापन सम्बन्धमा यस सूचनामा उल्लेख भएको हदसम्म यही बमोजिम हुनेछ र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

महानिर्देशक